# नेपाल बीमा प्राधिकरण

## कर्णाली प्रदेशस्तरीय हाजिरी जवाफ प्रतियोगिता

सूचना प्रकाशन मितिः २०८२/११/१५

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको बार्षिक स्वीकृत कार्यक्रम अनुसार बीमा सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने र विद्यार्थीमा बीमाको महत्व बुझाउने उद्देश्यले बीमा सम्बन्धी **"प्रदेशस्तरीय हाजिरी जवाफ प्रतियोगिता-२०८२"** आयोजना गर्न लागिएको हुँदा कर्णाली प्रदेशका उच्च माध्यामिक (१०+२) तहका विद्यालयले समूहको नेतृत्वकर्तासहित म नोनयन गरिएका तीन (३) जना विद्यार्थीको नाम र विद्यालयको विद्यार्थी परिचय पत्र खुल्ने कागजात सहित नेपाल बीमा प्राधिकरण कर्णाली प्रदेश कार्यालयको इमेल (infokp@nia.gov.np) मा प्रतियोगि समूह निशुल्क दर्ता गर्नुहुन अनुरोध गरिन्छ ।

## कार्यक्रमको नामः प्रदेशस्तरीय हाजिरी जवाफ प्रतियोगिता-२०८२

**प्रतियोगिताको नियमः** एउटा बिद्यालयको एउटा मात्र समुह हुनुपर्नेछ र अन्य हाजिरी जवाफ सम्बन्धी प्रचलित मान्यता बमोजिम हुनेछ। प्रतियोगिता सम्बन्धी अन्तिम निर्णयको अधिकार बीमा प्राधिकरण कर्णाली प्रदेश हाजिरी जवाफ उपसमितिलाई हुनेछ ।

## प्रतियोगिताका प्रश्नको प्रकृति तथा अङ्कभारः

| क.सं | विषयबस्तुहरु | अङ्कभार |
|---|---|---|
| १. | नेपाल बीमा प्राधिकरणको सामान्य जानकारी | १० प्रतिशत |
| २. | बीमा व्यवसाय सम्बन्धी जानकारी (जीबन बीमा, निर्जिवन बीमा, लघुबीमा र पुनर्बीमा) | ५० प्रतिशत |
| ३. | बीमा सम्बन्धी कानूनी व्यवस्थाको बारेमा सामान्य जानकारी | १० प्रतिशत |
| ४. | बीमा र अर्थतन्त्र | २० प्रतिशत |
| ५. | बीमाका अन्तराष्ट्रिय अभ्यास | १० प्रतिशत |

**सहभागीताको लागि आवेदन दिने अन्तिम मिति** २०८२/१२/३० गते कार्यालय समय भित्र।

**नोटः** हाजिरी जवाफ सञ्चालन गरिने मिति समूह दर्ता गर्ने अन्तिम मिति पछि तय गरिनेछ ।

## पुरस्कारको व्यवस्था :

प्रथम पुरस्कार : प्रमाणपत्र र कर सहित नगद रु २०,०००/-

द्वितीय पुरस्कार : प्रमाणपत्र र कर सहित नगद रु १५,०००/-

तृतीय पुरस्कार : प्रमाणपत्र र कर सहित नगद रु १०,०००/-

### थप जानकारी

**नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर-०७, कालुञ्चोक, सुर्खेत**

फोनः ०८३-५९०७४३/४४ ईमेलः infokp@nia.gov.np, वेभसाइटः www.nia.gov.np